# वार्षिक प्रगती प्रतिवेदन

## आ.व २०७८-०७९






निस्दी गाउँपालिका
मित्याल, पाल्पा

## गाउँपालिकाको संक्षिप्त परिचय

पाल्पा जिल्लाको पूर्वी भेगमा रहेको निस्दी गाउँपालिका प्राकृतिक स्रोत सम्पदाले सम्पन्न, जलस्रोतको धनी, मगर संस्कृति र सभ्यताको केन्द्र सावीकका वाकामलाङ, सहलकोट, झिरुवास, मित्याल,गल्धा, अर्चले र ज्यामिरे गाहरु मीलेर नयाँ आकार र स्वरुपमा यस गाउँपालिकाको उदय भएको हो । निस्दी र .स.वि. आरुणखोला जलाधार क्षेत्रकोमध्य भागमा अवस्थित जुरे लेक देखि बेभोके सम्म आरुणखोला, गल्धा फाँट, मुढाबास फाँट, दमार फाँट, ढुंगानाबेसी फाँट देखि बाकामलाङको डमारा फाँट टार सम्म फैलिएको छ । मगर, बाह्मण, क्षेत्री, नेवार, ठकुरी, दलित समुदायको समान विकास र उन्नति नै यस गाउँपालिकाको नयाँ पहिचान हुनुपर्छ भन्ने मान्यतालाई आत्मासात गरेका छौं। नेपाल सरकारले ७५३ स्थानीय तह गठन गर्ने सन्दर्भमा २०७३ साल फाल्गुन महिनाको २७ गते विधिवत रुपमा यस पालिकाको स्थापना भएको हो । कुल क्षेत्रफल १९४वर्ग कि ५..मीमा फै .लिएको यस गाउँपालिकाको २०७८ को जनगणना अनुसार पुरुष ८१३७ र महिला ९४९२ गरि जम्मा जनसंख्या १७,६२९ रहेको छ। यस गाउँपालिकाको पूर्वमा नवलपरासी जिल्ला , पश्चिममा पूर्वखोला र माथागढी गाउँपालिका उत्तरमा रामपुर नगरपालिका र पूर्वखोला गाउँपालिका तथा दक्षिणमा नवलपरासी जिल्ला रहेको छ । भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका हो ।

## गाउँपालिका अन्तरगतका शाखागत प्रगती प्रतिवेदन

### प्रशासन शाखा

- प्रशासन शाखाले विभिन्न कार्यालय, व्यक्ति, संगठनबाट प्राप्त पत्रहरु, कर्मचारीका नियुक्तिका पत्रहरु, हाजिरी पत्रहरु लगायत संस्थागत तथा व्यक्तिगत निवेदन गरी जम्मा १६९४ दर्ता भइ प्रक्रियामा गएका छन् ।
- प्रशासन शाखाले विभिन्न कार्यालय, व्यक्ति, संगठनबाट प्राप्त पत्रहरु, कर्मचारीका नियुक्तिका पत्रहरु, हाजिरी पत्रहरु लगायत संस्थागत तथा व्यक्तिगत निवेदन सहित अन्य प्राप्त पत्रहरुको अभिलेख राखी जम्मा १३८२ पत्रहरु चलानी भएका छन् ।
- यस गाउँपालिका र सो अन्तर्गतका शाखा/कार्यालयमा कार्यरत कर्मचारीहरु कार्यालयको कामबश यस गाउँपालिका/जिल्ला स्थित कार्यालय र जिल्ला बाहिरका कार्यालयमा जाँदा भ्रमण अभिलेख राखी अभिलेख व्यवस्थापनमा चुस्तता ल्याइएको ।
- यस गाउँपालिकामा कार्यरत जम्मा ७६ जनाको करार सम्झौता हुनुका साथै, गाउँपालिका र सो अन्तर्गतका कर्मचारीको हाजिरी व्यबस्थापन गरिएको छ ।
- स्थानीय तहको स्व: मूल्यांकन(LISA) कार्य सम्पन्न गरेको- प्राप्ताकं ६०.२५%।
- कार्यसम्पादन मूल्यांकन फाराम प्रत्येक कर्मचारीको संकलन तथा व्यवस्थापन गरेको ।





- कार्यालयमा प्राप्त सबै शाखा र सो अन्तर्गतका कर्मचारी र जनप्रतिनिधिहरु गरी जम्मा १०० जनाको सम्पत्ति विवरण दर्ता गरी अनलाइन प्रविष्टि गरिएको ।
- प्रदेश मन्त्रालयलाई पर्यटन गुरुयोजनाको प्रतिवेदन पठाइएको ।
- निस्दी गाउँपालिका क्रमश १ देखि ७ सम्मका वडाका जग्गाको न्युनतम मूल्यांकन २०७८, जिल्ला मालपोत कार्यालयमा पठाइएको ।
- कर्मचारी मासिक बैठक संयोजन, कर्मचारी विदा अभिलेख व्यवस्थापन, प्रदेश लोकसेवा आयोगलाई रिक्त पदको माग आकृति फाराम भरी पठाइएको,
- संघीय, प्रादेशिक तथा यस कार्यालयबाट समय समयमा १८ वटा विज्ञापन र १११ वटा सूचना प्रकाशन गरिएको।
- हाल सम्म ११ वटा कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन गरिएको।
- हाल सम्म ६ वटा ऐन स्थानिय राजपत्रमा प्रकाशन गरिएको।
- हाल सम्म १ वटा निर्देशिका स्थानिय राजपत्रमा प्रकाशन गरिएको।
- हाल सम्म ४ वटा नियमावली स्थानिय राजपत्रमा प्रकाशन गरिएको।
- हाल सम्म १ वटा आचारसंहिता स्थानिय राजपत्रमा प्रकाशन गरिएको।

## पशु सेवा शाखा

- पशु स्वास्थ्य कार्यक्रम अन्तरगत ४१५८४ वटा पशु पन्छीको उपचार सेवा प्रदान ।
- रोग नियन्तरणको लागि ४२९१० वटा पशु पन्छीमा खोप कार्य संचालन गरेको ।
- बाख्राको खोर निर्माण ५८१ वटा सम्पन्न गरेको ।
- विभिन्न वडामा ७९५ वटा बाख्रा र ६१ वटा बोका वितरण गरेको ।
- निस्दीको वडा नं १ र ३ मा वडास्तरिय घाँसको स्रोत केन्द्र स्थापना गरेको ।
- ८४ जना युवा उद्यमीहरुलाई रु ४० हजारको दरले बाख्रा तथा बंगुर पालनमा सहयोग गरेको छ ।
- निस्दीको ७ वटै वडामा ६२ वटा महिला समूह गठन गरि १४५० जना महिलाहरु समावेस गरि प्रति सदस्य २०० सुपर नेपियर तथा दाले घाँस वितरण गर्नुको साथै ३ के.जी स्टाईलो र १ /१ के.जी लुसन तथा कोइरालो घाँसको वीउ वितरण गरेको ।
- साझेदारीमा ब्यावसायिक फार्म ५० प्रतिशत अनुदानमा ४ वटा सुधार गरेको ।
- निस्दीमा हाल सम्म ४१६ वटा गाई/भैसीको भकारो सुधार गरेको ।
- निस्दीमा हाल सम्म ४१२ वटा सुधार गरेको ।
- आ.व.२०७८/०७९ मा निस्दी गाउँपालिका बाट १३३१५० के.जी रु ५९९१७५००। बरावरको खसी /बोकाको मासु ,१७५४० के.जी रु ७०२२४००। बराबरको बंगुरको मासु र ३२००० के.जी रु ७६८००००। बराबरको कुखुरा मासु गरि कुल ७,४६,१९,९००। को मासु निर्यात गरेको।




## कृषि शाखा

- यस गा.पा का ७ वटै वडाका किसानहरुलाई १६ वटा हाते ट्याक्टर, ४० वटा प्लाष्टिक टनेल वितरण कार्यक्रम सम्पन्न ।
- युवा लक्षित कार्यक्रम मार्फत ८ जना युवा युवालाई संलग्न कार्य गरि सम्पन्न भएको
- पकेट विकास कार्यक्रम मार्फत ६ वटा पकेट निर्माण (बेसार, तरकरी, अदुवा, सुन्तला, अदुवा, आलु) भएको ।
- कृषि तथा पशुपन्छी प्राविधिकहरुको ७ पटक बैठक सम्पन्न भएको छ।
- ७ वटै वडाका कृषकहरुलाई ३ दिने मिनि टिलर मर्मत तालीम सञ्चालन भएको छ।
- वर्षे फलफूल (आप ४००, लिचि ४००, केरा २०० र सुन्तला ४११) वितरण भएको छ।
- धानका उन्नत जातका (सवित्री १३६५ के.जी., रामधान १०५० के.जी., सुख्खा २०० के.जी.) वितरण वितरण भएको छ।
- वडा नं. १ मा उखु तथा कागति पकेट स्थापना भएको । उखु पकेट समिति अन्तर्गत ५५०० माना खुदो विक्री भएको र कागती पकेट अन्तर्गत ३८०० बिजु र ६११ वटा कलमी बिरुवा रोपण भएको ।
- ७ वटै वडका प्राविधिकहरुद्धारा कृषि, मत्स्य तथा पशुपन्छी सम्बन्धी तथ्याङ्क संकलनमा, प्रसोधन तथा प्रविष्ट गर्ने कार्य सम्पन्न भएको ।
- च्याउ पकेट अन्तर्गत यस आ.व. मा करिब २०००० के.जी. कन्ये च्याउ उत्पादन भएको र अदुवा पकेट अन्तर्गत १८४ रो. मा १८ मे. टन अदुवा उत्पादन भएको ।
- आ.व. २०७८/७९ सम्ममा ७४ वटा कृषक समुह र ४ वटा कृषि फार्म दर्ता भएको ।

## स्वास्थ्य शाखा

- कोभिड-१९ संक्रमण रोकथामको लागि जनचेतना तथा १११ जनाको एन्टीजिन परिक्षण ।
- कोभिड-१९ संक्रमित बिरामीहरुको उपचारको लागि हस्पिटल तथा पूर्वतयारी ।
- कोभिड-१९ संक्रमण भई मृत्यू भएका ७ घरपरिवारलाई रु २५०००। का दरले राहत वितरण कार्यक्रम ।
- विभिन्न चरणमा गरी १२ बर्ष देखि माथिका सबै नागरिकहरुलाई कोभिड-१९ विरुद्धको खोप अभियान सञ्चालन ।
- आ.व. २०७७/०७८ को स्वास्थ्यका कार्यक्रमहरुको बार्षिक समिक्षा तथा खोप कार्यक्रमको सुक्ष्मयोजना कार्यक्रम सम्पन्न ।
- टाईफाई खोप अभियान सञ्चालन तथा नियमित खोप कार्यक्रममा टाईफाईड खोप सञ्चालन ।
- यस पालिकाका सबै वडाहरु तथा पालिका पूर्णखोप सुनिश्चितता घोषणा कार्यक्रम सम्पन्न ।

- सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्था स्तरीय न्यूनतम सेवा मापदण्ड सुधार कार्यक्रम तथा नवजात शिशु स्याहार कार्यक्रम अन्तर्गत ( Onsite Coaching ) स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न ।
- बृहत पोषण कार्यक्रम अन्तर्गत सम्पूर्ण स्वास्थ्यकर्मीहरु ६ दिनको र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई ३ दिनको आधारभूत तालिम कार्यक्रम सञ्चालन ।
- ३ वटा स्वास्थ्य संस्थामा (अर्चले,झिरुवास र वाकामलाङ) पोषण कर्नर २ वटा स्वास्थ्य संस्थामा(अर्चले र वाकामलाङ) स्तनपान कक्ष निर्माण ।
- मित्याल स्वास्थ्य चौकीमा शिघ्र कडा कुपोषण भएका कुपोषित बच्चाहरुको उपचारको लागि OTC स्थापना ।
- २ बर्ष मुनिका बालबालिकाहरुलाई २४ पटक नियमित तौल अनुगमन गराउन लिएर आउने अभिभावकलाई प्रोत्साहन यातायात खर्च वितरण ।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत सम्पूर्ण नर्सिङ कर्मचारीहरुलाई MNH Roadmap तालिम र मित्याल स्वास्थ्य चौकीमा Clinical Mentoring Onsite Coaching तालिम सम्पन्न ।
- गर्चवती तथा सुत्केरी आमा सँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी आमाहरुलाई क्याल्सियम वितरण कार्यक्रम ।
- नियमित रुपमा गर्भ जाँच गराउन गर्भवती आमाहरुलाई स्वास्थ्य संस्थामा लिएर आउने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन यातायात खर्च रकम वितरइ ।
- उत्तर प्रसूति घरभेट कार्यक्रम सञ्चालन ।
- परिवार कल्याण कार्यक्रम अन्तर्गत परिवार नियोजन स्याटेलाईट क्लिनिक सहलकोट, ज्यमिरे, अर्चले, र मित्याल स्वास्थ्य चौकीमा सञ्चालन ।
- प्रजनन् रुग्णता कार्यक्रम अन्तर्गत निस्दी ५ गल्धा ढुङ्गानाबेसी स्थित जनता मा.वि. मित्याल स्वास्थ्य चौकीमा एकिकृत स्वास्थ्य शिविर तथा महिलाहरुको पाठेघरको मुखको क्यान्सर र आङ खस्ने समस्या सम्बन्धि शिविर सञ्चालन ।
- राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम अन्तर्गत अर्चले, गल्धा र झिरुवास स्वास्थ्य चौकीमा समुदायमा क्षयरोगको संकास्पद बिरामीहरुको खकार नमुना संकलन तथा परिक्षण कार्यक्रम सम्पन्न ।
- अधिकांश स्वास्थ्यकर्मीहरु, स्वास्थ्य शिक्षा पढाउने शिक्षक तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई आँखा,नाक कान र घाँटी समस्या र प्राथमिक उपचार सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न ।
- जेष्ठ नागरिक तथा अपाङ्ग भएका नागरिक सँग अध्यक्ष कार्यक्रम अन्तर्गत ७० बर्ष माथिका जम्मा ७७५ जना र अपाङ्ग भएका रातो र निलो कार्ड पाएका नागरिकको घरघरमा गई स्वास्थ्यकर्मीहरुद्धारा स्वास्थ्य जाँच तथा उपचार व्यवस्थापन कार्यक्रम सम्पन्न ।

- दिर्घरोगीहरु मधुमेह र उच्चरक्तचाप का बिरामीहरुको आभारभूत औषधीहरु Metformin र Amlodipine 5 mg निःशुल्क वितरण ।
- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम अन्तर्गत २८ जनालाई आधारभूत तालिम र ३६ जना लाई पुनर्ताजगी तालिम सम्पन्न ।
- ६ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक विदाई कार्यक्रम सम्पन्न गरियो।
- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई मासिक प्रतिवेदन तथा मासिक बैठकमा उपस्थित भएबापत यातायात खर्च मासिक रु १०००। का दरले उपलब्ध ।
- २० बर्ष देखि माथिका जम्मा ३५०० जनाको मधुमेह तथा उच्च रक्तचाप को स्क्रनिनिङ कार्यक्रम सम्पन्न ।
- मित्याल स्वास्थ्य चौकीमा ल्याब सेवा सञ्चालन ।
- १३ जनालाई विपन्न नागरिक उपचारको लागि सिफारिश ।
- यस पालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट मासिम प्रगति प्रतिवेदन संकलन तथा DHIS 2 प्रबिष्टिकरण र आपूर्ति व्यवस्थापन कार्यक्रम ELMIS अन्तर्गत सञ्चालन ।

## शिक्षा, युवा तथा खेलकूद शाखाः

- गाउँ शिक्षा समिति बैठक संख्या- ८ पटक।
- मासिक प्र.अ. बैठक संख्या- १३ पटक।
- ३० वटा विद्यालयमा अनुगमन ।
- सामाजिक परीक्षण गरेको - सबै विद्यालय।
- लेखा परीक्षण गरेको - सबै विद्यालय।
- विद्यालय सुधार योजना अध्यावधिक गरेको- सबै विद्यालय।
- एकीकृत शैक्षिक सूचना प्रणाली IEMIS अभिमुखीकरण तालिम संचालन, IEMIS update गरी त्यसैका आधारमा निशुल्क पाठ्यपुस्तक, छात्रवृति, PCF, विद्यालय संचालन व्यस्थापन अनुदान, दिवा खाजाको अनुदान निकासा- सबै विद्यालय।
- कोभिड-१९ का करण उत्पन्न असहज परिस्थितिमा बैकल्पिक सिकाइ सहजिकरण, गृह विद्यालय संचालन, CUG सेवा, आलोपालो कक्षा संचालन।
- एकीकृत आधारभूत शिक्षा पाठ्यक्रम कक्षा- ४, कक्षा- ७ र कक्षा- ९ मा अध्यापनरत सबै विद्यालयका शिक्षकहरुलाई पाठ्यक्रम प्रबोधिकरण कार्यक्रम कक्षा ४- ४८ जना, कक्षा ७- २४ जना, कक्षा ९- ३१ जना गरी जम्मा- १०३ जना।
- शैक्षिक गुणस्तर सुदृढिकरण कार्यक्रम अन्तर्गत ICT -५, विज्ञान प्रयोगशाला-२, कार्यसम्पादनमा आधारित अनुदान -४, उत्कृष्ट विद्यालय- १ वटा।





- बा.वि.के.स.का. पुनर्ताजगी तालिम- ५० जना।
- SMC/PTA क्षमता विकास तालिम – ८६ जना।
- लेखा व्यवस्थापन तालिम सम्पन्न गरिएको।
- दिवा खाजा व्यवस्थापन, अभिमुखीकरण कार्यक्रम संचालन- सबै विद्यालय।
- ECD स.का. विद्यालय कर्मचारीलाई थप तलब व्यवस्थापन।
- कक्षा ३/५ सिकाइ उपलब्धी परीक्षा संचालन।
- आधारभूत तह परीक्षा कक्षा ८ संचालन, ग्रेड शिट व्यवस्थापन र प्रमाणीकरण।
- २५ वटा विद्यालयका कक्षा ६-१२ सम्मका १३८८ छात्राहरुलाई स्यानीटरी प्याड र ३ वटा विद्यालयलाई Incinerator Machine व्यवस्थापन।
- मुख्यमनत्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पूर्वाधार निर्माण तथा मर्मततर्फ- ३१ वटा , कम्प्युटर व्यवस्थापन तर्फ- १० वटा, शिक्षक तालिम- ६९ जना , छात्रवृति- १६७ जना, दिवा खाजा सामाग्री व्यवस्थापन- ५३ वटा विद्यालय।
- राष्ट्रपति शैक्षिक सुधार अन्तर्गत पूर्वाधार तर्फ २ कोठे भवन- २ वटा विद्यालय, ४ कोठे- १ वटा विद्यालय, ICT व्यवस्थापन- ४ वटा विद्यालय र प्राविधिक धार ल्याव व्यवस्थापन- १ वटा विद्यालय ।
- विद्यालय व्यवस्थापन संचालन अनुदान- सबै विद्यालय।
- १-८ दलित छात्रवृति २३३ जनालाई, १-८ छात्रा छात्रवृति १६१९ जनालाई, अपाङ्ग छात्रवृति १८० जनालाई निकासा भएको।
- Internet जडान तथा संचालन अनुदान -१२ वटा मा.वि विद्यालयहरूलाई।
- शिक्षक, कर्मचारी , गा.पा. शिक्षक, सट्टा शिक्षक तलब भत्ता निकासा ।

## शिक्षा शाखाको कुल वित्तिय प्रगती प्रतिवेदन

| स्रोत | विनियोजित रकम | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|
| सशर्त | १९,२७,४५,०००।- | १८,०६,५६,०००।- | ९४.०० |
| राष्ट्रपति | १,२४,००,०००।- | १,२१,५७,०००।- | ९८.०० |
| मुख्यमनत्री | ६०,००,०००।- | ५१,००,७४०।- | ८५.०१ |
| गा.पा. | २,०४,४०,९७०।- | १,६६,९९,०८९।- | ८१.६९ |
| जम्मा | २३,१५,८५,९७०।- | २१,४६,१२,८२९।- | ९२.६७ |




# वातावरण तथा भौतिक पूर्वाधार विकास शाखा

## क. भवन तथा शौचालय निर्माण तथा मर्मत तर्फ

आ.ब. २०७८/०७९ मा जम्मा ३९ वटा योजनाहरु मध्ये २५ वटा निर्माण तर्फ र १४ वटा मर्मत भएका छन् ।जसका लागि ४ करोड ७५ लाख ४८ हजार विनियोजन भएको थियो।

## ख. सडक निर्माण तर्फ

आ.ब. २०७८/०७९ मा यस गाउँपालिका अन्तर्गत सडक निर्माण तर्फ जम्मा ६९ वटा योजनाहरु रहेका छन् ।जसमध्ये ३२ वटा नयाँ सडक बिस्तार गरी १९.२६ कि.मि. नयाँ सडक बिस्तार भएको छ भने नयाँ तथा स्तरोन्नती गरी ४०.०२ कि.मि. सडक निर्माण भएको छ । बाँकी रहेका ३७ वटा योजनाहरु सडक स्तरोन्नती गरी हरेक वडाहरुमा यातायातकफ पहुँच भएको छ ।यसै गरी गेबिन जालीको काम जम्मा २३४ वटा, ढुंगाको गारो लगाउने काम १५०.४ मिटर र होम पाइप ६वटा काम भएको छ ।त्यस तर्फको योजनाको लागि ३ करोड ९३ लाख ५० हजार विनियोजित भएको थियो ।

## ग. खानेपानी निर्माण

आ.ब. २०७८/०७९ मा यस गाउँपालिका अन्तर्गत खानेपानी निर्माण तर्फ जम्मा ६७ वटा योजनहरु भएका छन् ।जसम्धे ७1 वटा खानेपानी योजना निर्माण कार्यमा निस्दी गाउँपालिका भित्र २७ वटा इन्टेक, ३९ वटा आर भि टी मेनपाइप लाइन २३२५० मिटर, सहायक पाइप लाइन २७७०० मिटर, निजी धारा ८९६ वटा निर्माण भएका छन् ।यस तर्फका योजनाको लागि ५ करोड ३० लाख विनियोजित भएको थियो ।

## घ. सिंचाई निर्माण

आ.ब.२०७८/०७९ मा यस गाउँपालिका अन्तर्गत सिंचाई निर्माण तर्फमा ३४ वटा योजनाहरु रहेका छन् । यस तर्फका योजनाको लागि ७२ लाख ६७ हजार विनियोजित भएको थियो ।

## ङ. अन्य निर्माण तर्फ गोरेटो बाटो, PPC, मन्दिर निर्माण , खेलमैदान निर्माण, घेराबार पर्खाल र विद्युत मर्मत

आ.ब. २०७८/०७९ मा यस गाउँपालिका अन्तर्गत अन्य निर्माण तर्फमा जम्मा १२२ वटा योजनाहरु रहेका छन् । जस मध्ये गोरेटो बाटो, PPC, मन्दिर निर्माण, खेलमैदान निर्माण, घेराबार, पर्खाल, विद्युत मर्मत आदी काम भएका छन् । यो सबै योजनाको काम उ.स. बाट निर्माण कार्य सम्पन्न भइसकेका छन् । यस तर्फका योजनाको लागि २ करोड ६९ लाख ७९ हजार विनियोजित भएको थियो ।

**समपुरक तर्फः**

१)आनन्दी सुकेकोट थाम खानेपानी लिफ्टिंग आयोजना

२)चारघरे खानेपानी लिफ्टिंग आयोजना

३)हुवास खानेपानी लिफ्टिंग आयोजना

जसमध्ये आनन्दी सुकेकोट थाम खानेपानी लिफ्टिंग आयोजना र हुवास खानेपानी लिफ्टिंग आयोजनाको लागत अनुमान १ करोड ५ लाख रहेको थियो जसमा क्रमशः रु ६३ लाख ६४ हजार र ६३ लाख ६२ हजारमा ठेक्का सम्झौता भएको छ । यसैगरी चारघरे खानेपानी लिफ्टिंग आयोजना को ८० लाख लागत अनुमानको टेन्डरमा रु ४२ लाखमा ठेक्का सम्झौता भइ काम सम्पन्न भएको ।

**संघिय बजेट तर्फः**

१) १५ सैया अस्पताल निर्माण

१५ सैया अस्पताल निर्माण कार्यको एक तर्फी एक तला ढलान भइ करिब १५% काम सम्पन्न भएको छ ।

२) प्रशासनिक भवन निर्माण

प्रशासनिक भवन निर्माण तर्फ ५ करोड २७ लाखमा ठेक्का भए बमोजिम करिब ३८% काम सम्पन्न भएको ।

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत :**

१) गौरीशंकर मा.बि निस्दी-०४ मित्याल - चार कोठे भवन निर्माण

२) भगवती प्रा.बि निस्दी-०१ बाकामलांग - दुई कोठे भवन निर्माण

३) जलदेबी प्रा.बि निस्दी -०७ ज्यामिरे - दुई कोठे भवन निर्माण

**पालिका स्तरीय तर्फ :**

१) वडा भवन निर्माण वडा न ३, ६ र ७ मा सम्पन्न

२) जस्ता पाता खरिद - ४११ वन्डल

३) कम्पुटर, प्रिन्टर तथा सोलार खरिद - ११/१०/२ सेट

४) ल्यापटप तथा प्रिन्टर खरिद - ४/५ सेट

५) ५० watt सोलार खरिद -१९३ सेट

६) Electric पोल खरिद - ९३

७) फर्निचर खरिद - ३२ दराज, २८ कुर्चि र २७ टेबल

८) वडा कार्यालय ०१ भवन सम्झौता भएको

९) वडा कार्यालय ०२ भवन सम्झौता भएको





## प्रधानमन्त्री रोजगार कार्यक्रम

- बेरोजगार व्यक्तिहरुलाई प्राथमिकीकरण अनुसार लाभग्राहीहरुलाई विभिन्न आयोजनाहरुमा खटाइएको
- रोजगारीमा खटिएका प्रत्येक श्रमिकहरूको बैंक मार्फत भुक्तानी गरिएको ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तरगत ९ वटा र कामका लागि पारिश्रमिकमा आधारित आयोजना अन्तरगत १४ वटा आयोजनाहरु सम्पन्न गरिएको ।
- आ.व. २०७८/७९ मा कुल ४८३ जना सुचिकृत मध्ये ८० जना कामका लागि पारिश्रमिक आयोजना र ५४ जना युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना गरि कुल १३४ जना व्यक्तिहरुले औषत ९१ दिन बरावरको रोजगारीमा संलग्न गराईएको ।
- चालु आ.व. २०७९/०८० को लागि गाउँपालिकाको १ देखी ७ ओटै वडामा २७२ पुरुष र २६९ महिला गरि कुल ५४१ जना सुचिकृत गरि रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मा प्रविष्टी गरिएको छ ।
- प्र.म.रो.का अन्तरगत १,०३,२३,००० विनियोजन भएकोमा ८५,९१,१४३(८३.२२%) खर्च भएको जसमा कामका लागि पारिश्रमिकमा ८२,६०,००० विनियोजन भएकोमा ७०,३७,०९२(८५.१९%) खर्च भएको र चालुमा २०६३००० विनियोजन भएकोमा १५५४०५१ खर्च भएको

## महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

- अपाङ्ग भएका व्यक्तिको लागि अपाङ्ग परिचयपत्र वितरण कार्यक्रम सञ्चालन भएको ।
- लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान अन्तर्गत वडागत रुपमा १ दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको ।
- अन्तराष्ट्रिय नारी दिवसको अवसरमा निस्दी गाउँपालिका भित्र रहेका बिभिन्न उद्योग व्यवसाय सञ्चालन गरेका महिला उद्यमी ब्यवसायी र नेपाल सरकारको बिभिन्न सरकारी सेवामा कार्यरत स्थायी महिला कर्मचारीलाई सम्मान गरिएको ।
- वडागत रुपमा महिला समुह परिचालन तथा ब्यवश्थापन कार्य सञ्चालन सम्पन्न भएको ।
- प्रत्येक वडाका महिलाहरुको सहभागितामा पालिका स्तरीय महिलाहरुको १० दिने जुत्ता बनाउने तालीम सम्पन्न गरि सहभागी १६ जनालाई १/१ थान जुत्ता बनाउने मेसिन समेत निःशुल्क प्रदान गरिएको ।
- प्रत्येक वडा बाट १ जना महिला र २ जना पुरुष गरि जम्मा २१ जनाको सहभागीतामा ३ दिने नेतृत्व विकास तथा पत्रकारीता तालिम सम्पन्न गरिएको ।
- आदीबासी जनजातीका लागि आधारभुत कम्प्युटर तालिम सञ्चालन भएको ।
- दलित तथा विपन्न वर्गको लागि प्रतिघरपरिवार १को दरले ३७ वटा बाख्राको वीउपाठी, २७ वटा बंगुरको पाठापाठी २ थान कुटानी पिसानी मिल र १ थान हातेटयाक्टर निःशुल्क रुपमा वितरण कार्यक्रम सम्पन्न गरिएको ।





## सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा

### सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम-:

- सामाजिक सुरक्षा भत्ता आ.व. ०७७/०७८ देखि बैंकिङ प्रणली मार्फत वितरण गर्ने प्रयोजनको लागि गाउँपालिका स्थित वाकामलाङ्ग र सहलकोटको मेगा बैंक रामपुर बाट, झिरुवास र अर्चेलेको राष्ट्रिय वाणिज्य बैंक रामपुर शाखाबाट, मित्यल र गल्धाको सनराईज बैंक ढुङ्गानावेशी र ज्यामिरेको कामना सेवा विकास बैंक सर्दी गरि जम्मा ४ वटा बैंक संग सम्झौता गरी सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरिएको ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रत्येक लाभग्राहीहरूको विवरण अनलाइन प्रणालीमा प्रविष्टि गरिएको ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लागतकट्टा गर्नु पर्ने लाभग्राहीहरूको विवरण अनलाइन प्रणालीमा लागतकट्टा गरिएको ।

| सामाजिक सुरक्षा भत्ता किसिम | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बितरण गरेको संख्या | बितरण गरेको रकम | बितरण गरेको संख्या | बितरण गरेको रकम | बितरण गरेको संख्या | बितरण गरेको रकम | बितरण गरेको संख्या | बितरण गरेको रकम | संख्या | रकम |
| ज्येष्ठ नागरिक | ८७२ | १०२८२९२६ | ८८७ | १०६५८६६६ | ८८७ | १०७००००० | ८८७ | १०६२८०२० | ८८७ | ४२२६९६१२ |
| दलित ज्येष्ठ नागरिक | ९८ | ७५५४४० | ९५ | ७६३४२० | ९९ | ८१६६२० | १०० | ७९२६८० | १०० | ३१२८१६० |
| अति अशक्त अपांग | ८४ | ५२५६१६ | ७७ | ४९१५६८ | ८२ | ५४२६४२ | ८१ | ५१७१०४ | ८४ | २०७६९३० |
| असहाय एकल महिला | ६१८ | ४८७०४६० | ६०२ | ४७६६७२० | ६१९ | ४९३९६२० | ६२४ | ४९६८८८० | ६२४ | १९५४५६८० |
| पुर्ण अपांग | २४ | २७८४०० | २४ | २८७२८० | २३ | २८७३६० | २५ | २९९३५० | २५ | ११५२३९० |
| बालबालिका | १११ | १७२३६८ | १०९ | १७६६२४ | ११० | १८३००८ | ११६ | १८४०७२ | ११६ | ७१६०७२ |
| जम्मा | १८०७ | १६८८५२१० | १७९४ | १७१४४२७८ | १८२० | १७४६९२५० | १८३३ | १७३९०१०६ | १८३३ | ६८८८८८४४ |

२०७८ बैशाख देखी चैत मसान्त सम्मको व्यक्तिगत घट्नाको दर्ता विवरण-:

| वडा नं. | जन्म दर्ता महिला | जन्म दर्ता पुरुष | जन्म दर्ता जम्मा | मृत्यु दर्ता महिला | मृत्यु दर्ता पुरुष | मृत्यु दर्ता जम्मा | विवाह दर्ता संख्या | बसाईसराई दर्ता संख्या | बसाईसराई गएको संख्या | बसाईसराई आएको संख्या | बसाईसराईको संख्या | सम्बन्ध विच्छेद | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३० | ३० | ६० | २१ | १९ | ४० | ३३ | २१ | ७५ | ५ | ८० | ३ | १५७ |
| २ | २२ | १२ | ३४ | ८ | १७ | २५ | ३५ | १९ | ९१ | १ | ९२ | ६ | ११९ |
| ३ | ३३ | ३३ | ६६ | १० | १७ | २७ | ३५ | २१ | ६४ | ० | ६४ | ३ | १५२ |
| ४ | ३६ | ४४ | ८० | १९ | १८ | ३७ | ३३ | १७ | ८४ | ० | ८४ | ३ | १७० |
| ५ | ५५ | ५१ | १०६ | ३१ | २३ | ५४ | ३९ | २१ | ७५ | ५ | ८० | ६ | २२६ |
| ६ | ३३ | १८ | ५१ | २५ | २५ | ५० | २५ | ११ | ३९ | ० | ३९ | ४ | १४१ |
| ७ | ४९ | ४६ | ९५ | २२ | २८ | ५० | ४५ | ६२ | २९७ | २ | २९९ | ७ | २५९ |
| | २५८ | २३४ | ४९२ | १३६ | १४७ | २८३ | २४५ | १७२ | ७२५ | १३ | ७३८ | ३२ | १२२४ |

आ.व ०७८/०७९ मा व्यक्तिगत घट्ना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत डिजिटाईजेशन तथा दर्ता शिविर सञ्चालन भई हाल वडा नं. ३ झिरुवासमा आनलईन भएको ।




## उद्यम विकास शाखा

### गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु

- निस्दी गाउँपालिकामा गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्नका लागि वडा न १, ४, ५ र ६ छनोट गरिएको थियो ।
- उद्यम विकासका लागि सामाजिक परिचालन अन्तर्गत पर्ने अभिमुखीकरण, सहभागितामुलक ग्रामिण लेखाजोखा, फारम A र B भर्ने कार्यक्रम ४ वटै वडामा सम्पन्न भएको।
- उद्यमशीलता विकास तालीम अन्तर्गत व्यवसाय सुरु तथा सुधार ८ दिने तालीम ८८ जनालाइ ४ वटै वडामा सम्पन्न भएको ।
- सहभागिहरुको माग अनुसार प्राविधिक सीप विकास तालीम ४ वटा वडामा ८५ जना लक्ष्य लिइएकोमा ८८ जनालाई ७ वटा तालीम दिइएको ।

| क स | तालीमको नाम | सख्या | वडा न. |
|---|---|---|---|
| १ | सावुन बनाउने तालीम | २४ | १ |
| २ | सुइतर बुन्ने तालीम | २७ | ४ |
| ३ | दुनाटपारी बुन्ने तालीम | ९ | ५ |
| ४ | सरफ उत्पादन तालीम | ९ | ५ |
| ५ | मोटरसाइकल मर्मत तालीम | ७ | ६ |
| ६ | बङगुर पालन तालीम | ६ | ६ |
| ७ | व्युटि पार्लर तालीम | ६ | ६ |
|  | जम्मा | ८८ जना |  |

- लघु वित्तमा पहुँच तथा बजारीकरण सेवा सम्बन्धि तालीम ४ वटै वडाका उद्यमीहरुलाई दिइएको ।
- उल्लेखित ७ वटै तालीम सम्पन्न गरि सहभागीहरुलाई आवश्यक अनुसारको सामाग्री वितरण गरियो ।
- ३ बर्ष अगाडी देखी तालीम लिएका उद्यमीहरुलाई स्तरोन्निको लागि फारम C भरि ४३ जनालाई थप तालीम र आवश्यक अनुसारको सामाग्री वितरण गरियो ।
- नयाँ लघु उद्यमी श्रीजना तर्फ २२८०००० विनियोजन भएकोमा २१२१५८२ खर्च भएको ।
- स्तरोन्नति सहयोग सम्बन्धी कृयाकलापहरू तर्फ ६२०००० विनियोजन भएकोमा १००% प्रतिशत खर्च भएको।





## निस्दी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा
## कार्यालयको कोड : ८०५५०५०२३००
## आ.व. २०७८/०७९ को आम्दानी प्रतिवेदन

| क.स | राजश्व संकेत | आम्दानी शीर्षक | आम्दानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११३१३ | एकीकृत सम्पती कर | ४,३५८ | |
| २ | ११३१४ | भुमिकरमालपोत/ | ९,३०,७६० | |
| ३ | ११३२१ | घरवहाल कर | १,८६,९१२ | |
| ४ | ११३२२ | वहाल विटौरी कर | ० | |
| ५ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १,५०० | |
| ६ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ८,००० | |
| ७ | १४१९१ | पर्यटन शुल्क | १७,००० | |
| ८ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | |
| ९ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १८,२१,३१४ | |
| १० | १४२२४ | परीक्षा शुल्क | १,१७,५०० | |
| ११ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १,४१,२०० | |
| १२ | १४२४३ | सिफारिश दस्तुर | ९,७७,८८३ | |
| १३ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,७४,२८५ | |
| १४ | १४२४५ | नाता प्रमाणित दस्तुर | ० | |
| १५ | १४२४९ | अन्य दस्तुर | ४०,०२६ | |
| १६ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९४,७५० | |
| १७ | १४२६५ | अन्य क्षेत्रको आय | ० | |
| १८ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३०,२१५ | |
| १९ | १४३१३ | धरौटी सदरस्याहा | ० | |
| २० | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | २,०३,६६,७८४१८. | |
| २१ | १४५२९ | अन्य राजस्व | १०,००,००० | |
| २२ | १४६११ | व्यवसाय कर | ५३,६१५ | |
| २३ | १५१११ | बेरूजू | १,१९० | |
| २४ | ३२१२२ | बैंक मौज्दात | ० | |
| | | जम्मा | २,६०,६७,२९२१८. | |

## निस्दी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा
## कार्यालयको कोड : ८०५५०५०२३००
## आ.व. २०७८/०७९ को क्षेत्रगत भौतिक प्रगती

| क्र.स | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,९२,५०,००० | ४,३८,८८,६३४ | ७४.०६ | १,५३,६१,३६६ |
| १.१ | कृषि | ३,६७,५१,००० | २,६१,८२,९६५ | ७१.२३ | १,०५,६८,०३५ |
| १.२ | उद्योग | ४५,२४,५०० | ३९,५५,७२६ | ८७.४३ | ५,६८,७७४ |
| १.३ | पर्यटन | ४४,३०,००० | ४३,०९,९४२ | ९७.२९ | १,२०,०५८ |
| १.४ | सहकारी | ५,५०,००० | २,२२,५९६ | ४०.४७ | ३,२७,४०४ |
| १.५ | जलश्रोत तथा सिंचाई | ७८,९७,५०० | ६४,५९,५८८ | ८१.७९ | १४,३७,९१२ |
| १.६ | बन | १६,००,००० | ० | ० | १६,००,००० |
| १.७ | पशुपन्छी विकास | ३२,७२,००० | २५,६९,३७२ | ७८.५३ | ७,०२,६२८ |
| १.८ | भूमि व्यवस्था | २,२५,००० | १,८८,४४५ | ८३.७५ | ३६,५५५ |
| २ | सामाजिक विकास | ३५,४०,०७,३७० | २९,३७,८३,९६० | ८२.९९ | ६,०२,२३,४१० |
| २.१ | शिक्षा | २२,७२,७९,३७० | २१,१४,५०,६८९ | ९३.०४ | १,५८,२८,६८१ |
| २.२ | स्वास्थ्य | २,६३,३३,००० | १,२२,२२,३८९ | ४६.४१ | १,४१,१०,६११ |
| २.३ | खानेपानी तथा सरसफाई | ७,२७,७४,५०० | ५,२४,११,७५८ | ७२.०२ | २,०३,६२,७४२ |
| २.४ | भाषा तथा संस्कृति | ४,५०,००० | १,५७,२९५ | ३४.९५ | २,९२,७०५ |
| २.५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ५३,९७,००० | १९,५२,९०० | ३६.१८ | ३४,४४,१०० |
| २.६ | युवा तथा खेलकुद | १,१८,३०,५०० | ७३,६६,८३७ | ६२.२७ | ४४,६३,६६३ |
| २.७ | सामाजिक सुरक्षा तथा संरक्षण | ९९,४३,००० | ८२,२२,०९२ | ८२.६९ | १७,२०,९०८ |
| ३ | पूर्वाधार विकास | १४,१४,६७,३०० | ९,५४,३०,०५५ | ६७.४५ | ४,६०,३७,२४५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६५,७६,५०० | ३४,२५,१४३ | ५२.०८ | ३१,५१,३५७ |
| ४.१ | विपद व्यवस्थापन | १४,३८,५०० | ३,०८,९६२ | २१.४८ | ११,२९,५३८ |
| ४.२ | मानब संशाधन विकास | १,००,००० | ० | ० | १,००,००० |
| ४.३ | कानुन तथा न्याय | ८,००,००० | २,८२,५०० | ३५.३१ | ५,१७,५०० |
| ४.४ | शासन प्रणाली | ६,३८,००० | ६,१६,८२२ | ९६.६८ | २१,१७८ |
| ४.५ | तथ्यांक प्रणाली | २०,००,००० | १६,३८,०५० | ८१.९ | ३,६१,९५० |
| ४.६ | गरिबी निवारण | ६,००,००० | २,२१,००० | ३६.८३ | ३,७९,००० |
| ४.७ | योजना तर्जुमा र कार्यन्वयन | ३,००,००० | २,६६,७४० | ८८.९१ | ३३,२६० |
| ४.८ | प्रशासकीय सुशासन | ७,००,००० | ९१,०६९ | १३.०१ | ६,०८,९३१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,२६,०२,००० | ८,३३,९८,२३६ | ६८.०२ | ३,९२,०३,७६४ |
| ५.१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,२६,०२,००० | ८,३३,९८,२३६ | ६८.०२ | ३,९२,०३,७६४ |
| कुल जम्मा | | ६८,३९,०३,१७० | ५१,९९,२६,०२८ | ७६.०२ | १६,३९,७७,१४२ |

प्रमुख प्रशासकीय अधिकृत